नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० नवीन साप्ताहिक ब.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४० अंक ३६ २०७८ साल चैत २७ गते आइतवार (10 Apr. 2022 Sunday) मूल्य रु. ७/-

**आगलागीबाट सावधानी अपनाऔं ।**

**निम्न कारणले आगलागी हुनसक्छन्,**
आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,
हुरी बतास चल्दा,
प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा :** चिकित्सकको हत्या घटना ... **पृष्ठ ३ मा :** सप्तरीको राजविराज नगरपालिकामा ... **पृष्ठ ४ मा :** अनि देश कसरी ... **पृष्ठ ५ मा :** टाईफाइड रोग नियन्त्रणका ...

# सप्तरीमा कोरोना संक्रमित शुन्य



**राजविराज**/सप्तरीमा कोरोना संक्रमितको संख्या शुन्यमा झरेको छ । कोरोनाको तेश्रो लहरमा जिल्लामा कुल ४ सय ८ संक्रमित भएकोमा शनिवारसम्ममा सबै निको भएका छन् ।

होम आइसोलेशनमा रहेका एक संक्रमित पनि शनिवार निको भएपछि जिल्लामा सक्रिय संक्रमितको संख्या शून्यमा झरेको हो ।

शनिवार शंका लागि स्वेच्छाले जाँच गराउन आएका तीन जनाको पनि रिर्पोट निगेटिभ पाएइएको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

संक्रमित शुन्यमा झरेपछि गजेन्द्र नारायण सिंह अस्पताल सहित जिल्लाका नौ स्थानमा रहेको सबै आइशोलेशन बेड खाली भएको उनले जानकारी दिए । उनले कोरोनाको जाँच कार्य जारी रहेपनि विगत एक साता यता कुनै संक्रमित फेला नपरेको बताए ।

यद्यपी आवश्यक सुरक्षा सतर्कता र सरकारले तोकेको स्वास्थ मापदण्डको पालना अझै जरुरी रहेको स्वास्थ्य कार्यालयको प्रमुख यादवको सुझाव छ । कोरोनाको तेश्रो लहरमा जिल्लामा ५ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्यांकले देखाएको छ ।

यस्तै जिल्लामा हालसम्ममा २ लाख २६ हजार ५ सय ११ जनाले कोभिड-१९ विरुद्धको खोप लिइएका छन् । जसमध्ये पूर्ण खोप लिनेको संखया भने १ लाख ६ हजार २ सय ६६ रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# मानव कल्याणका लागि नयाँ वर्षमा महाअष्ट्याम

**राजबिराज**/सप्तरीको प्रसिद्ध राजबिराज स्थित हरिनन्देश्वर महादेव मन्दिरमा नयाँ वर्षका दिन महाअष्ट्याम हुने भएको छ ।

मन्दिर व्यवस्थापन समितिको शनिवार बसेको बैठले नयाँ वर्षको शुरुवात हुने आगामी बैशाख १ गते बिहीवारका दिन मन्दिर परिसरमा २४ घण्टे महाअष्ट्याम पूजाको आयोजना गर्ने निर्णय गरेको हो ।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ध्रुव देवले नयाँ वर्ष सबैका लागि सुखमय, समृद्धि, शान्ति र कल्याणकारी

*बाँकी पाँच पृष्ठमा*

**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय शिक्षक संगठनको सपथग्रहण सम्पन्न



**राजविराज**/नेपाल राष्ट्रिय शिक्षक संगठन सप्तरीको नव निर्वाचित पद्धाधिकारीहरुको शनिबार पद तथा गोपनियताको सपतग्रहण कार्यक्रम सम्पन्न भएको छ ।

राजविराजस्थित केअ माविमा आयोजित पद तथा गोपनियताको सपतग्रहण कार्यक्रममा नवनिर्वाचित जिल्ला अध्यक्ष बैद्यनाथ प्रसाद यादवसहित ५१ जना जिल्ला कार्यसमितिलाई सपत ग्रहण गराइएको हो ।

निर्वाचन समितिका संयोजक जयप्रकास चौधरीले उनीहरुलाई पद तथा गोपनियताको सपतग्रहण गराइएको कार्यक्रममा सहभागि शिक्षक रोशन गोइतले बताए ।

यस्तै कार्यक्रममा उपाध्यक्ष सुर्यनारायण चौधरी,महिला उपाध्यक्ष लक्षण कुमारी यादव, सचिव जयराम मण्डल, कोषाध्यक्ष राजलाल साह र सह-सचिव प्रियका कुमारी यादव लगायत सदस्य तथा केन्द्रीय प्रतिनिधि देव प्रसाद यादव,योगेन्द्र प्रसाद साह र मालती चौधरीलाई समेत प्रमानपत्र प्रदान गरि सपथग्रहण गराइएको छ ।

जिल्लाका बिभिन्न बिद्यालयबाट आएका निर्वाचित सदस्यहरुलाई उक्त कार्यक्रममा प्रमानपत्र समेत दिइएको थियो । चैत २३ नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति सप्तरीको १३ औ जिल्ला अधिवेशन सम्पन्न भएको थियो ।

# तीन सय २२ वटा कृषि गणना क्षेत्र निर्धारण

**राजविराज**/सप्तरीको १८ वटै स्थानिय तहमा ३ सय २२ वटा कृषि गणना क्षेत्र निर्धारण गरिएको छ ।

राष्ट्रिय कृषि गणना २०७८ को जिल्ला स्तरिय कृषि गणना सचेतना गोष्ठीमा सो जानकारी दिँदै कृषि गणना कार्यालयका प्रमुख संजयकुमार चौधरीले निर्धारण गरिने क्षेत्रका लागि ३४ जना सुरपरिबेक्षकसहित १ सय ३४ जना गणकलाई तथ्याङ्क संकलन गर्न खटाइने बताएका छन् ।

प्रमुख चौधरीले यही चैत २५ गतेदेखी बैशाख ५ गतेसम्म सुपरिवेक्षक र गणकलाई तालिम दिई बैशाख ६ गतेदेखी तथ्याङ्क संकलनका लागि पालिकाहरुमा खटाइने जानकारी समेत दिए ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा आयोजित गोष्ठीमा सुरक्षा निकायका प्रमुखहरु, सरकारी कार्यालयका प्रमुखहरु लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजबिराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### विद्यालयप्रति गम्भिर बन

विद्यालयप्रति अझ सरकार, राजनीतिक दल तथा सम्बन्धीत निकायहरु गम्भिर बन्न सकिरहेका छैनन् । जसकारण विद्यालयहरुमा हुने पठनपाठन धरासय हुनुका साथै विद्यार्थीहरुको शिक्षा कमजोर भइरहेको छ। विभिन्न प्रकारका राजनीतिक गतिविधी तथा शिक्षकहरुको भयले विद्यार्थीहरु अहिले पनि त्रसित नै रहेको देखिन्छ। तर, पूर्ण रुपमा विद्यालयहरुलाई दण्डशालाका रुपमा परिणत हुनबाट बचाउन भने सकिएको छैन। नागरिक समाजले मात्र नभई सरकार स्वयंले विद्यालयमा शान्ति क्षेत्र बारे प्रतिबद्धताको चर्को आवाज उठाई रहेको बेला विडम्बना भने दोहोरिन्छ।

विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति भने गर्न सकिरहेका छैनन्। विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन। बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसरकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकतर शिक्षकले भने विद्यार्थीहरुलाई लठ्ठीले नै अनुशासित बनाउन सकिन्छ भने मानसिकता छोड्न सकेका छैनन्। गृहकार्य नगरेको निहुँमा, अनुशासन भंग गरेको बहानामा विद्यार्थीहरु अहिले पनि कुटिन्छन्। यसरी विद्यालय शान्ति क्षेत्र कागजी रुपमा मात्र कार्यान्वयन हुनु भनेको लज्जाको विषय हो।

यसलाई कार्यान्वयन गराउनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग र स्थानीय तहको मुख्य भूमिका रहन्छ। विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु पर्ने हो भने विद्यालयमा हुने दण्डका घटनाहरु न्यून हुँदै विस्तारै अन्त्य हुन सक्छ। यसका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पनि उत्तिकै नैतिक जिम्मेवार हुनु आवश्यक छ। यसर्थ विद्यालय शान्ति क्षेत्रको अवधारणा दण्डरहित शिक्षा यसको मुख्य पाटोको रुपमा रहेको छ।

# चिकित्सकको हत्या घटना बारे उच्चस्तरीय छानविनको माग, घटनाको बिरोधमा प्रदर्शन

**राजविराज**/डा. विजय यादवको हत्या घटना सम्बन्धमा उच्चस्तरीय छानविनको माग गरिनुका साथै राजविराजमा उक्त घटना बिरुद्ध प्रदर्शन गरिएको छ।

सप्तरी निवासी डा. यादव विराटनगरस्थित नोवेल अस्पतालमा विगत ४ वर्षदेखि कार्यरत थिए। जिल्लाको विष्णुपुर गाउँपालिका १ निवासी ३० वर्षिय डा. यादवको चैत्र १८ गते हत्या भएको थियो। हत्या गरि फ्यालिएको अवस्थामा उनको मृत शरिर प्रहरीले नोबेल अस्पताल छेऊमै रहेको डेरा परिसरबाट फेला पारेको थियो।

यसै बीच शुक्रवार राजविराज उच्च अदालत बार एशोसिएसन समबद्ध मानव अधिकार समितिले उक्त घटनाको उच्चस्तरीय छानविनको माग गरेको हो।

समितिका संयोजक हरेराम यादवले एक प्रेस विज्ञप्ति जारी उक्त घटनालाई मानवता विरोधी तथा जघन्य अपराधको संज्ञा दिदै घटनाको उच्चस्तरीय छानविन तथा हत्यारा पता लगाई कानून बमोजिम कडा कारवाई हुनु पर्ने माग गरेका छन्।

विज्ञप्ति मार्फत डा. यादवको नियोजित ढंगले हत्या गरिएको दावी सहित मेडिकल माफियाको संलग्नता, अस्पताल प्रशासनको आन्तरिक विवाद लगायतका विषयमा पनि गहन छानविन तथा मृतक परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गरिएको छ।

यसअघि मृतकका आफन्त र स्थानीयले प्रर्दशन गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला प्रशासन कार्यालय मोरंगलाई ज्ञापन पत्र बुझाएका हुन्।

सप्तरीको बिष्णुपुर गाउँपालिका १ खुरहुरिया घर भई बिराटनगरस्थित नोबेल अस्पतालमा कार्यरत ३० बर्षिय डा. यादवको हत्यामा संलग्नलाई अविलम्ब पक्राउ गरी कारबाहीको माग गर्दै आफन्त र स्थानीयले प्रर्दशन सहित प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम मार्फत जिल्ला प्रशासन कार्यालय मोरंगलाई ज्ञापन पत्र बुझाएका हुन्।

बुझाइएको ज्ञापन पत्रको बोदार्थ प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्रीको कार्यालय, प्रदेश १ प्रहरी कार्यालय, मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय मोरंग र जिल्ला प्रहरी कार्यालय सप्तरीलाई समेत दिइएको छ।

मृतकका आफन्त तथा स्थानीयले नियोजित रुपमा हत्या भएको भन्दै घट्नाको उच्चस्तरीय छानबीन गरी सत्यतथ्य बाहिर ल्याउन र दोषी पत्ता लगाई कडा कारवाहीको माग गरेका छन्।

उनीहरुले तीन दिन भित्र हत्यारालाई पक्राउ र कारवाही अघि नबढाइए आन्दोलन चर्काउने समेत ज्ञापन पत्र मार्फत चेतावनी दिएका छन्।

बजार क्षेत्र परिक्रमाका क्रममा उनीहरुले सरकार विरुद्ध चर्को नाराबाजी समेत गरेका थिए। ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले पीडित परिवार र स्थानीयको तर्फबाट प्राप्त ज्ञापन पत्र तत्कालै सम्बन्धित कार्यालयमा पठाई न्यायका लागी आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए।

यसैबीच घट्नामा संलग्न रहेको आशंकामा मोरंग प्रहरीले एक चिकित्सक सहित ६ जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

## करेन्ट लागेर मृत्यु

**राजविराज**/सप्तरीको बोदेबर्साईन नगरपालिका ८ काचनमा हाई भोल्ट करेन्ट लागेर एक व्यक्तिको ज्यान गएको छ।

स्थानीयबासी ६५ बर्षीय रामनारायण साहको करेन्ट लागेर बुधबार मृत्यु भएको प्रहरीले जनाएको छ।

नयाँ घरको माथी छत रेलिङ्गमा पानी हाल्दै क्रममा छतको माथि रहेको एगार हजार भोल्टको तारमा अचानक छुन जादा उनलाई करेन्ट लागेको थियो। करेन्ट लागेर सिकिस्त भएका तत्कालै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सप्तरीको राजविराज नगरपालिकामा सबै भन्दा बढी तथा बलान बिहुल गाउँपालिकामा सबै भन्दा कम मतदाता

**राजविराज/सप्तरी** जिल्लामा सबै भन्दा बढी राजविराज नगरपालिकामा तथा सबै भन्दा कम बलान बिहुल गाउँपालिकामा मतदाता रहेका छन्।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार राजविराज नगरपालिकामा २१ हजार १ सय ७० पुरुष, १८ हजार ५ सय २० महिला र २ अन्य गरि ३९ हजार ६ सय ९२ मतदाता तथा सबैभन्दा कम बलानबिहुल गाउँपालिकामा ७ हजार ६ सय २० पुरुष र ६ हजार ७ सय ९८ महिला गरि १४ हजार ४ सय १८ मतदाता रहेको जनाएको छ।

त्यस्तै अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ९ हजार ३ सय १० पुरुष, ९ हजार ६ सय २३ महिलार ४ अन्य गरि १९ हजार ९ सय ३७, कंचनरुप नगरपालिकामा १७ हजार ८ सय ७२ पुरुष, १७ हजार ४ सय ३३ महिला र ४ अन्य गरि ३५ हजार ३ सय ९, सडक नगरपालिकामा १५ हजार ३ सय ९ पुरुष, १५ हजार ७ सय २३ महिला र ४ अन्य गरि ३१ हजार ३६, छिन्नमस्ता गाउँपालिकामा ९ हजार ५ सय ८१ पुरुष र ८ हजार १ सय ७६ महिला गरि १७ हजार ७ सय ५७, डाक्नेश्वरी नगरपालिकामा १५ हजार २३ पुरुष र १३ हजार ४ सय १२ महिला गरि २८ हजार ४ सय ३५, तिरहुत गाउँपालिकामा ७ हजार ७ सय ४० पुरुष र ६ हजार ९ सय १४ महिला गरि १४ हजार ६ सय ५४ मतदाता रहेका छन्।

त्यस्तै तिलाठी कोइलाडी गाउँपालिकामा १० हजार ५ सय ५१ पुरुष र ९ हजार ९० महिला गरि १९ हजार ६ सय ४१, बोदे बरसाइन नगरपालिकामा १द्ध हजार ३ सय ९९ पुरुष र १३ हजार २ सय ५६ महिला गरि २७ हजार ६ सय ५५, महादेवा गाउँपालिकामा ८ हजार ९ सय ३६ पुरुष र ७ हजार ९ सय १४ महिला गरि १६ हजार ८ सय ५०, राजगढ गाउँपालिकामा ९ हजार ९ सय १६ पुरुष र ८ हजार ६ सय ४४ महिला गरि १८ हजार ५ सय ६०, रुपनी गाउँपालिकामा ९ हजार ४ सय ८५ पुरुष, ८ हजार ६ सय ७९ महिला र एक अन्य गरि १८ हजार १ सय ६५, विष्णुपुर गाउँपालिकामा ८ हजार ८५ पुरुष, ६ हजार ९ सय ८१ महिला र एक अन्य गरि १५ हजार ६७, शम्भुनाथ नगरपालिकामा ११ हजार ८ सय ४९ पुरुष, १२ हजार १० महिला र ४ अन्य गरि २३ हजार ८ सय ६३, सप्तकोशी नगरपालिकामा ७ हजार ६ सय ५९ पुरुष र ७ हजार ८ सय २ महिला गरि १५ हजार ४ सय ६१, सुरुङ्गा नगरपालिकामा १४ हजार ५ सय ४९ पुरुष, १४ हजार ९ सय ६० महिला र एक अन्य गरि २९ हजार ५ सय १० तथा हनुमाननगर कंकालिनी नगरपालिकामा १४ हजार ८ सय ३८ पुरुष र १२ हजार ५ सय ९७ महिला गरि २७ हजार ४ सय ३५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

एक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, दुई सहायक कर्मचारी र एक जना कार्यालय सहयोगिसहित करिब दुई हजार ७ सय कर्मचारी खटिने कार्यालय प्रमुख जोशीले जानकारी दिए।

यस्तै जिल्लामा निर्वाचनको सुरक्षाका लागि २ हजार ४९ नेपाल प्रहरी तथा २ हजार ९ सय ४८ म्यादी प्रहरी परिचालन हुने प्रहरी उपरिक्षक अबिनारायण काफ्लेले जानकारी दिए। यस बाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि सुरक्षाप्रबन्धमा सघाउने उनको भनाई छ।

जिल्लाका ५ सय ३६ वटा मतदान केन्द्रलाई सामान्य, संवेदनशिल र अतिसंवेदनशिल गरि तीन तहमा विभाजन गरिएको उनले बताए।

# सप्तरीमा राष्ट्रिय मान्यता प्राप्त दल बाहेक २८ अन्य दल दर्ता

**राजविराज/जिल्ला** निर्वाचन कार्यालय सप्तरीले जिल्लामा ६ वटा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल बाहेक २८ वटा अन्य दलले निर्वाचन कार्यालय सप्तरीमा दर्ता भएको जानकारी दिएको छ।

निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीका अनुसार राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा मओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बाहेक जनमत पार्टी, उनन्त लोकतन्त्र पार्टी, नेपाली कांग्रेस (वि.पी.), राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेपाल परिवार दल, तराई- मधेश लोकतान्त्रिक पार्टी, मंगोल नेशनल अर्गनाइजेसन पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, पिछडावर्ग निषाद दलित जनजाती पार्टी, वहुजन समाज पार्टी नेपाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाली जनता दल, नेपाल लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), नेपाल विवेकशील पार्टी, राष्ट्रिय सदभवना पार्टी, नेपाल जनता पार्टी, मौलिक जरोकिलो पार्टी, नेपाल सदभावना पार्टी, जनता प्रगतिशील पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवाद -लेनिनवादी, बहुजन एकता पार्टी नेपाल, बहुजन शक्ति पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी नेपाल, सामाजिक एकता पार्टी र नेपाल कम्युनिष्ट पार्टी (समाजवादी)ले दल दर्ता गराएका छन्।

निर्वाचन कार्यालयले निर्वाचनका लागि सप्तरीमा ५ सय ३६ वटा मतदान केन्द्र तोकिएको छ भने २ सय ९७ मतदानस्थल कायम गरिएको छ। यस पटकको निर्वाचनमा जिल्लामा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र अन्य २१ गरि कुल मतदाता संख्या ४ लाख १२ हजार ४ सय ४५ रहेको जनाएको छ।

# मधेश प्रदेशद्वारा थप ११ दिन सार्वजनिक विदा

**जनकपुरधाम**/मधेश प्रदेश सरकारले २०७९ सालमा थप ११ दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ।

मधेश प्रदेश सरकारले आगामी वैशाख २ गते सिरुवा पर्व, वैशाख २७ गते जानकी नवमीको विदा दिएको छ। यस्तै, छठ पर्वको भोलिपल्ट कात्तिक १४ गते सोमबार, विवाहपञ्चमीका दिन मंसिर १२ गते सोमबार, मधेश बलिदानी दिवस मनाउन माघ ५ गते बिहीबार, माओवादी जनयुद्ध दिवस मनाउन फागुन १ गते, होली पर्वको भोलिपल्ट फागुन २४ गते बुधबार र चैत १६ गते बिहीबार रामनवमीको सार्वजनिक विदा हुने भएको छ।

यसैगरि तीन दिन मुस्लिम धर्मावलम्बीका लागि विदा छुट्टयाइएको छ। इस्लाम धर्मावलम्बीहरुको पर्व बकर इद (इद उल अजहा), इद (इद उल फित्र) र पैगम्बर महम्दको जन्म दिनमा विदा दिने प्रदेश सरकारले जनाएको छ। यी विदाको मिति भने पछि यकिन गरेर दिइने प्रदेश सरकारले आफ्नो राजपत्रमा उल्लेख गरेको छ। यी विदा संघीय सरकारले दिएको बाहेक हो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# अनि देश कसरी बन्छ ?

**सुजन दाहाल**

श्रीलङ्काको वर्तमान अवस्थाले नेपाल र नेपालीलाई झस्काएको छ। अहिले जतातत‍ै देशको अर्थतन्त्रको बारेमा चर्चा सुनिन्छ। देश चलाउने शासकहरुको अकर्मण्यता, अदुदर्शिता, असक्षमता र व्यक्तिगत स्वार्थका कारण देशको अर्थतन्त्र कोल्याप्स हुने अवस्था तर्फ उन्मुख भयो। हरेक नागरिकलाई यो थाहा छ कि देशको आर्थिक अवस्था बिग्रँदो बाटोमा छ।

आम मानिसमा निराशा मात्र छ किनकि उनीहरुलाई जीवन धान्न नै गाह्रो छ। देशका शासकले फेयर काम गर्दैनन्। उनीहरु पपुलिष्ट काम मात्र गर्छन्। पपुलिष्ट काम दिगो हुँदैन, जुन नाटक मात्र हो। देशले करिस्म्याटिक ढंगको देश र जनताका लागि सोच्ने लिडर नै पाएन।

अहिले देशका नेता मानिदिएकाहरुको आचरण र व्यवहार पटक्कै जनमैत्री छैन। उनीहरु आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिमा मात्र तल्लिन छन्। आफ्ना अरौटे, भरौटे, भाई भारदार भन्दा बाहिर निश्किन सकेनन्।

स्थानीय तहको चुनाव नजिकिँदै छ। हरेक व्यक्तिलाई थाहा छ कि खराब जनप्रतिनिधि छान्न हुँदैन। प्रायः सबै दलमा त्यस्तै व्यक्ति नै नेताको पगरी गुथेर चुनावमा खडा हुन्छन्। सबै कुरो थाहा पाउँदा पाउँदै पनि नागरिक निरीह भएर कसै न कसैलाई भोट खसाल्न बाध्य छन्। नागरिकसँग विकल्प पनि भएन। प्रजातन्त्रमा भोट त दिन नै पर्छ। तर, गरुङ्गो मनले भोट दिने अवस्थाको सिर्जना भएको छ।

अनेक परिपञ्च गरेर रक्सी र मासुमा भोट किनेर निर्वाचित भई कोही व्यक्ति नेता बनाइन्छ। त्यसपछि ऊ मान्य हुन्छ र आफूलाई भोट दिनेलाई रैती ठान्छ। यस्तो प्रवृत्तिले सबैलाई दु:खी तुल्याएको छ।

यता लठैत र दास मनोवृत्तिको नागरिकले नेता भनिएकालाई देश बिगार्न सिढी लगाइदिने काम गरेका छन्। देशको राजनीतिले नै राष्ट्र निर्माणको नेतृत्व गर्छ। राजनैतिक दलका नेताहरुले नै राज्यको नीति तर्जुमा गर्छन्। हालसम्म सही नीति तर्जुमा गर्न नसक्नु र बनेका नीतिको कार्यान्वयन गर्न नसक्दा नागरिकले नपाउनुपर्ने दु:ख पाई रहेको अवस्था छ। नेपालीको दुर्भाग्य नै भन्नुपर्छ असल र भिजनरी नेता देशले पाएन।

संघीय चुनावबाट छानिएर आउने व्यक्ति कुनै न कुनै रुपबाट अहिलेका व्यक्ति नै हुन्। अहिले शेरबहादुर देउवा प्रधानमन्त्री छन् भोली चुनाव पछि केपी ओली, केही समय पछि पुष्पकमल दाहाल, त्यसपछि बाबुराम भट्टराई अनि माधव नेपाल नै यो देशका प्रधानमन्त्री हुन्। यी भन्दा बाहेक अर्को व्यक्ति प्रधानमन्त्री हुने देखिँदैन।

सत्ता फेरिए पनि पात्र उनै हुन्। प्रवृत्ति यही हो। यिनीहरुबाट देशको बिकासको जेनेरेशन नै परिवर्तन हुने देखिदैन। सबैले मिलेर, भाग पुर्याएर, बाढेर, टुक्राटुक्रा पारेर देशलाई अंशमा पाएको सम्पत्तिझैं गरी खाने मात्र हुन्। देश र जनताका लागि काम कसैले गर्दैनन् भन्ने कुरामा सबै नागरिक बिश्वस्त छन्।। कसैले देश र जनताको लागि काम गर्छु भन्छ भने त्योभन्दा ठूलो जोक अर्को हुँदैन।

देश चलाउने कुरालाई नेताहरुले मजाकमा उढाइरहेका छन्। समाज सुधार्नका लागि नभई सत्ताका लागि मात्र राजनीति गर्नेले आफ्नो र आफ्ना भजनमण्डलीको भुँडी भर्ने काम मात्र गरे। चुनाव आउन लाग्दा यिनीहरुले लबस्तरो भएर गाउँतिर किच्च हरिया दात देखाउँदै नमस्ते गर्दै लाज पचाएर जाने, चुनावमा मान्छे खरिद बिक्री गर्ने र सत्तामा पुगेपछि विदेशी प्रभुसमक्ष लम्पसार परी नेपाली नागरिकको आदेशलाई लत्याएर विदेशीको निर्देशनलाई शीरोधार्य गर्ने काम मात्र गरे।

नेतालाई चुनाव मार्फत् बैधानिकता दिएर नागरिकले नै बिगारेका हुन्। नागरिकहरु पनि चान्समा डान्स गर्नतिर लागे। नेताको आडमा जग्गा दलालहरुले कृषियोग्य जमिनलाई कटिङ गरेर बाँझो खेतमा परिणत गरे। राज्यलाई करोडौं राजश्व ठगे। राज्यलाई राजश्व तिर्नु भन्दा दलालले नेताको खल्तीमा पैसा हालिदिए। अल्छी भएका नेपालीलाई खेती गर्न भन्दा जग्गा कटिङमा नै आनन्द लिए। राज्यको गार्हस्थ्य उत्पादनमा कृषिको योगदान पच्चीस प्रतिशत छ। नेपालीले मेहनत गरे यो प्रतिशत बढाउन सकिन्छ। भारतबाट चामल, दाल, तरकारी ल्याएर खान पर्दैन। आफ्नै उत्पादनले धान्न सक्छ।

मानिस जतिसुकै बरिष्ठ भए पनि उसलाई खानु त पर्छ। त्यसका लागि कृषि उत्पादन चाहिन्छ नै, तर नेपाली अत्यधिक अल्छी बन्दा देशको अर्थतन्त्र नै प्रभावित भइरहेको छ। खाद्यान्न खरीद गर्दा मात्र देशको ठूलो रकम बाहिरिएको छ।

सरकारले किसान मैत्री नीति बनाउन नसक्नु र कृषिमा मल, विउको व्यवस्था गर्न नसक्नु र कृषि उत्पादनले बजार नपाउने अवस्थाले कृषक निराष भई खेतीपाती छाडेर विदेश जान तिर लागे।

नेपाली समाजका सबै वर्ग समुदाय नकारात्मक सोचबाट ग्रसित छन्। इमान्दार, नैतिकवान, अनुशासित मानिसहरुको खडेरी परेको अवस्था छ। हरेका मानिसमा दुष्ट प्रवृत्ति बढदो छ। आत्मीयता, प्रेम, सदभाव मर्दै गएको छ। देशमा दलाल, माफिया हावी भएका छन्। प्राध्यापक शिक्षाको व्यापार गर्ने, डाक्टर गू र मुतमा कमिसन खाने, इन्जिनियर नामका मात्र हुने, वकिल चुतियागिरी गर्ने, कर्मचारी भ्रष्ट्राचारमा लिप्त हुने भएपछि देश कसरी बन्छ। बन्दैन। आफ्नो जिम्मेवारीबाट सबै विमुख भई नागरिकलाई चुस्न मात्र लागि परेपछि देश विकास होला भनेर सोच्नु मुर्खता मात्र हुन्छ।

कमिसन, भ्रष्ट्राचार, अनियमितता, दुराचार र व्यभिचारले भरिएका व्यक्तिहरुको राज्यमा हाली मुहाली छ। समाज विकृत भएको छ। सबै मानिस पैसाको पछाडि मात्र कुदेका छन्। हत्या हिंसा, बलात्कार दिनदिनै बढिरहेको छ। समाजमा शान्ति र अमनचयन क्रमशः कमजोर बन्दै गएको छ। दैनिक उपभोग्य सामग्रीमा अत्याधिक मूल्यबृद्धि भएको छ। बजार सरकारको नियन्त्रणमा छैन।

व्यापारीहरुले मनलाग्दी रुपमा बजारलाई नियन्त्रण गरी गरिबलाई किर्नोले झै चुसिरहेका छन्। गरिब, निमुखा र दैनिक ज्यालादारीमा श्रम गर्ने नागरिकहरुको महगीले दुई पत्र छाला गएको छ। राज्यमा सरकार भएको सामान्य महसुससमेत गर्न सकिएको छैन। राजनैतिक दल र तिनका नेताहरुको आवरण र संरक्षणमा समाजमा विकृति र विसंगति तिव्र रुपमा फैलिरहेको छ।

राज्यको ढिकुटिमा विदेशी मुद्रा सञ्चिति घट्दो क्रममा छ। विदेशी मुद्रा आउने स्रोतहरु विप्रेषण, अनुदान सहयोग, पर्यटक, बस्तुको निर्यात आदि हुन्। तर, देशमा आउने विप्रेषण घटिरहेको छ। पर्याप्त र गुणस्तरीय पर्यटकहरु आएका छैनन्। अनुदान दिने विदेशी निकायले पर्याप्त अनुदान दिइरहेका छैनन्। देशको ऋण बढिरहेको छ। त्यसको साँवा ब्याज भुक्तानीमा र बस्तुहरुको आयातमा धेरै रकम बाहिरिएकाले गर्दा देशको आर्थिक अवस्था संकट तर्फ उन्मुख छ।

नागरिकहरुले पाईरहेको दु:ख सरकारलाई राम्रोसंग थाहा छ। तर सरकार मुकदर्शक भएर बसेको छ। माफिया र दलालको कब्जामा रहेको सरकार आफै निरीह छ। निजी क्षेत्रले पनि व्यापार व्यवसायको नाममा राज्यलाई ठग्ने, जनतालाई कोखे हान्ने काम गरिरहेका छन्। जतातत‍ै चोर, फटाहा जालीहरुले देश र जनतालाई ब्रहलुट गरिरहे। यद्यपी त्यस्ताहरुको संरक्षण नै राजनैतिक नेतृत्वले गरिरहेको छ जुन दुर्भाग्यपूर्ण हो। अहिले असल, इमान्दार र नैतिकवान व्यक्तिहरुलाई आफ्नो जीवन धान्न नै मुस्किल पर्न थाल्यो। अरुलाई ठग्न, झुक्याउन, भ्रममा पार्न नसक्ने, जालसाजी र किर्ते गर्न नसक्ने मानिसहरुलाई अब आउदा दिनहरुमा बाँच्न नै कठिन हुने अवस्था छ।

देशको बिग्रदो अवस्थालाई हेरेर नेतृत्वले आफ्नो व्यवहार र आचरणलाई सुधार गरी नयाँ सोचका साथ अगाडी बढनु पर्ने बेला आएको छ। जतिसुकै चुनाव आए गए पनि नेतृत्व मात्र फेरिने हो पात्र उहि पुराना नै हुन्। पुराना पात्र जो सत्तामा पुग्छन् तिनिहरुको कार्यशैली, व्यवहार र सोच परिवर्तन नभए सम्म देश बन्दैन। पेशा व्यवसायमा संग्लनले नागरिकलाई दु:ख नदिई उनीहरुप्रतिको कर्तब्यलाई पुरा गर्नु पर्छ। होइन सबैले गति छाडने हो भने श्रीलङ्काको हालतको सामना गर्न तयार भएर बसे हुन्छ।

रातोपाटीबाट







## VACANCYA NNOUNCEMNT

Nepal Cricket Foundation (NCF) is looking to recruit a coach to deliver high quality coaching session to girls at public schools in Rajbiraj. Cricket Association of Saptari aims to lead and embed cricket into cultures and passion of the people of Nepal and Unite and Inspire communities through cricket. CAS seeks applications from qualified individuals for the following position **for immediate appointment:**

Cricket Association of Saptari and Nepal Cricket Foundation is implementing the project "Cricket for Equality" in support of MCC Foundation- Charitable arm of Marylebone Cricket Club based at Lords Cricket Ground, UK and in partnership with Cricket Without Boundaries and Saptari Cricket Association.

**Position: Community Coach (Part time) Number: 2**

The Key Responsibilities:

1. Execute the session plan in the public schools as developed by the Cricket for Equality program Head Coach.
2. Report the coaching session by filling the web-based data set.
3. Work with schools to promote girls cricket with in school sporting provision.

**Qualification:**

1. Prior coaching experience to girls in the public schools
2. Have played for District Cricket team
3. Have taken child Protection Training (or be willing to under go child protection training prior to starting the role.)

**Preferred Skills, Knowledge and Experience:**

1. Experience of coaching primary school aged children, inspiring them to participate in sport and physical activity.
2. Candidate to have a genuine enthusiasm and commitment to working with young people from socially deprived backgrounds. (Desirable)
3. Have the ability to deliver high quality sessions and work under the guidance of the Cricket for Equality coaching team members (desirable)
4. Excellent communication skills with children and be well organized
5. A flexible approach with the ability to adjust to different requirements as priorities change.
6. Flexible to travel to near by districts and cities if required.

**Working Hours:** 2 hours every day (4 to 5 days a week)
**Duty Station:** Saptari

All applicants should send their application to info@nepalcricketfoundation.org hardcopy to Rajdevi Sports Centre, Rajdevi Chowk (Near Rajdevi Temple), Rajbiraj-2, Saptari with the subject: **Community Coach- Rajbiraj** and expected salary for the engagement. Priorities will be given to female coaches. Coaches need to attend Gender Sensitization workshop under Cricket for Equality. Closing date for Applications: 12thApril 2022

# टाईफाइड रोग नियन्त्रणका लागी खोप अभियान

**राजविराज**/मधेश प्रदेशका समाजिक विकास मन्त्रि नवलकिशोर साहले टाईफाइड रोग नियन्त्रणका लागी थालिएको अभियानमा सघाउन सबैसंग आग्रह गरेका छन् ।

शुक्रबार राजविराजमा टाईफाईड बिरुद्ध खोप अभियानको शुभारम्भ गर्दै उनले यस्तो आग्रह गरेका हुन् । राजविराजस्थित केशोवत्ती अनिरुद्ध माध्यमिक विद्यालयमा आयोजित खोप कार्यक्रममा मन्त्री साहले खोप अभियान लेखिएको ब्यानर पढेर अभियानको शुभारम्भ गरे ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जिल्लामा दुई चरणमा संचालित हुने अभियान अन्तर्गत १ लाख ८० हजार १ सय ४७ जना बालबालिकालाई खोप दिईने लक्ष्य राखिएको जानकारी दिए ।

यसका लागी जिल्लाका १८ वटै स्थानीय तहमा तालिम प्राप्त १८ जना स्वास्थ्य शाखा प्रमुख, १ सय ५९ जना स्वास्थ्य संस्था प्रमुख, २ सय ९१ जना खोपकर्मी,१ हजार ७८ जना स्वयसेविका र १ हजार १ सय २५ जना शिक्षीका स्वयसेवीका गरी कुल २ हजार ६ सय ७१ जनशक्ती परिचालन हुने उनको भनाई छ ।

शुक्रवारै जिल्ला स्वास्थ्य कार्यालयले अभियानको विषयमा संचारकर्मीहरुसंग अभिमुखी कार्यक्रम गरेको छ । उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख यादवले टाईफाईड खोप निशुल्क, सुरक्षित र प्रभावकारी रहेको बताउँदै जिल्ला भरका १५ महिना देखी १५ वर्ष सम्मका बालबालिकालाई दिईने खोप अभियानको व्यवस्थित प्रभावकारी संचालन र आमजनमानसमा आश्वस्तका लागी सहजीकरणको भुमिकामा सहयोग गरी दिन संचारकर्मीहरु संग आग्रह गरेका छन् ।

अभियानबाट कोही पनि बालबालिका नछुटुन भन्ने उद्देश्यले विद्यालय र स्वास्थ्य संस्थाको खोप केन्द्र गरी जिल्लामा १ हजार १ सय २५ खोप केन्द्र तोकिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# पत्रकार महासंघको भवनका लागि मधेश प्रदेश सरकारद्वारा सहयोग प्रदान

**राजविराज**/मधेश प्रदेश सरकारले नेपाल पत्रकार महासंघ सप्तरीलाई २५ लाख रुपैया सहयोग उपलब्ध गराएको छ । उक्त सहयोगबाट पत्रकार महासंघ सप्तरीले थप नयाँ भवन निर्माण गर्ने भएको हो ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले शुक्रबार उक्त भवनको शिलान्यास गरेका छन् । आवश्यक भवनको अभावमा कठिनाई भइरहेको बेला मन्त्री साहको पहलमा सो सहयोग प्राप्त भएको महासंघ शाखाका सभापति श्रवण देवले बताए ।

पत्रकार महासंघ सप्तरीका सदस्य समेत रहेका मन्त्री साहले पत्रकारिता क्षेत्रको विकासका लागि बजेट उपलब्ध गराएको भन्दै भवन निर्माण कार्यमा बजेटको अभाव हुन नदिने जिकिर समेत गरे । उनले भविष्यमा महासंघलाई थप बजेट समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

***मानव कल्याणका...***

होस् भन्ने कामना सहित २४ घण्टे महाअष्ट्याम गर्न लागिएको बताए ।

उक्त धार्मिक कार्यक्रममा ५० हजार भन्दा बढी भक्तजन आउने विश्वास गरिएको कोषाध्यक्ष प्रमोद कावराले बताए । धार्मिक आयोजनालाई भव्य र व्यवस्थित बनाउन समितिका सदस्य गंगा प्रसाद यादवको संयोजकत्वमा आर्थिक तथा समितिका सल्लाहकार राजिव कुमार दासको संयोजकत्वमा महाअष्ट्याम पुजा व्यवस्थापन समिति गठन गरी आवश्यक तयारी शुरु गरिएको सचिव देवराम यादवले जानकारी दिएका छन् ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## यूक्रेन रूससँगको वार्ताका लागि 'अझै तयार' : जेलेन्स्की

**कीव**/यूक्रेन मस्कोसँग वार्ता जारी राख्न 'अझै तयार' रहेको यूक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शनिबार बताउनुभएको छ । किभ नजिकै बुचा र अन्य क्षेत्रमा अत्याचारको खोजपछि रोकिएको वार्तालाई जारी राख्न यूक्रेन निरन्तर लाग्ने जेलेन्स्कीले बतायनुभयो । बुचाको भ्रमण गरेका अष्ट्रियाका चान्सलर कार्ल नेह्यामरसँगको पत्रकार सम्मेलनमा जेलेन्स्कीले भन्नुभयो, "यूक्रेनले सधैं वार्ताका लागि तयार रहेको र यो युद्ध रोक्ने कुनै पनि जिम्मेवार उपायको खोजी गरिरहेको छ ।"

"दु:खको कुरा, हामी समानान्तर रूपमा महत्वपूर्ण युद्धहरूको तयारी देख्छौं, केही मानिसहरूले पूर्वमा निर्णायक युद्धहरू भन्छन्," उहाँले पूर्वी क्षेत्रमा रूसी आक्रमणको संकेत गर्दै भन्नुभयो । "कूटनीतिज्ञद्वारा यस युद्धको अन्त्य गर्न हामी लड्न र समानान्तर रूपमा हेर्न तयार छौं," उहाँले थप्नुभयो । दुई पक्षबीच मार्च २९ मा अन्तिम पटक प्रत्यक्ष वार्ता भएको सो क्रममा यूक्रेनी वार्ताकर्ताहरुले तेस्रो पक्षबाट सुरक्षा प्रत्याभूतिको बदलामा तटस्थता स्वीकार गर्न तत्पर रहेको जनाएको बताइएको छ ।

जेलेन्स्कीले भन्नुभयो, "पूर्व र दक्षिणमा हामीले हाम्रो इलाकाको अर्को भागमा कब्जा गर्न तयार भएका हतियार, उपकरण तथा फौजहरूको एकाग्रता देखेका छौं ।" "कुनै पनि नयाँ रूसी आक्रमणको नतिजा 'विभिन्न कारकहरू'मा निर्भर हुनेछ," उहाँले भन्नुभयो । यूक्रेनको शक्ति,साझेदारहरूले हामीलाई कति चाँडो हतियार आपूर्ति गर्छन् भन्नेमा रहेको बताउनुभयो । उहाँले रूसी नेता भ्लादिमिर पुटिन अझै अघि बढ्ने देखिएको बताउनुभयो । एजेन्सी

## रुसले १५ वटा पश्चिमा गैरसकारी संस्थालाई बन्द गर्ने

**मस्को**/रूसले मानवअधिकारको क्षेत्रमा काम गर्ने १५ वटा पश्चिमा गैरसरकारी संस्था बन्द गर्ने भएको छ । रुसले एमनेन्स्टी इन्टरनेशनल र ह्युमन राइट्स वाचसहितका १५ संस्थाका आफ्नो देशमा रहेका कार्यलय बन्द गर्ने घोषणा गरेको हो । संयुक्त राष्ट्रसंघ महासभाले यूक्रेनमा गरेको गम्भीर मानवअधिकार उल्लंघन र अत्याचारलाई लिएर रुसलाई राष्ट्रसंघीय मानव अधिकार नियोग (युएनएचसिआर) बाट निलम्बित गरेको छ । जवाफमा रूसले मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाका आफ्नो देशमा रहेका कार्यालय बन्द गर्ने घोषणा गरेको हो ।

रूसको कानुन उल्लंघन गरेकाले ती संस्थाहरु बन्द गर्ने निर्णय गरिएको रूसी न्याय मन्त्रालयले जनाएको छ, तर कुन कानुन कसरी उल्लंघन गरे भन्ने खुलाएको छैन । एमनेन्स्टी इन्टरनेशनलकी निर्देशक एग्नेस कालामार्डले सत्य बोलेका कारण रुसले आफूहरुलाई निशाना बनाएको बताउनुभएको छ । तर सत्य बाहिर ल्याउने कार्यमा आफूहरु थप सक्रिय भएर लाग्ने उहाँले उल्लेख गर्नुभयो । एजेन्सी

## करिब ६० लाख सोमालियाली खाद्य संकटमा परेको राष्ट्रसंघको भनाइ

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घले सोमालियामा खाद्य सङ्कट उत्पन्न भएको भन्दै सो समस्याको जोखिममा कम्तीमा पनि ६० लाख मानिस परेका बताएको छ । खाद्य सङ्कटका कारण उत्पन्न भएको समस्या तत्कालै टार्नका लागि संयुक्त राष्ट्रसङ्घले सहयोगको अपिल पनि गरेको छ । त्यहाँ केही समय यतादेखिको खडेरी तथा आन्तरिक द्वन्द्वका कारण खाद्य सङ्कट परेको जनाइएको छ । यहाँ समयमा पानी नपरेका कारण देशव्यापी रुपमा सुक्खापन भएको समाचार पहिलेदेखि नै आएको थियो । अहिले भने यही अप्रिलदेखि जुलाई महिनासम्ममा कम्तीमा पनि ६० लाख मानिस खाद्यान्न तथा अन्य आधारभूत आवश्यकताको अभावमा पर्ने समस्या देखिएको बताएको छ ।

जसका कारण यहाँका ६० लाखभन्दा बढी मानिस प्रभावित भएका बताइएको छ । सो कुरा सोमालियामा रहेको मानवीय सहायतासम्बन्धी निकायले जानकारी दिएको छ । मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) का अनुसार सोमालियामा हालैका दिनमा देखिएको चरम खाद्य सङ्कटले गर्दा लाखौं लाख मानिस विस्थापित पनि भएका छन् । यो वर्ष नै अप्रिलदेखि जुलाई सम्ममा नै ती नागरिकलाई खाद्य संकट पर्ने जनाइएको थियो । यहाँका अधिकारीहरुले पहिलो कुरा त आवश्यक मात्रामा पानी नपरेका कारण उब्जनी नभएको बताएका छन् भने अर्कातर्फ यहाँ आन्तरिक द्वन्द्वका कारण पनि मानिसहरुले खान पाएका छैनन् ।

संयुक्त राष्ट्रसङ्घीय प्रवक्ता स्टेफन डुजारिकले शुक्रबार आयोजना गरिएको एक पत्रकार सम्मेलनमा सो कुराको जानकारी दिनुभएको हो । मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए) का सोमालियाका संयोजकले यहाँका कम्तीमा पनि ६० लाख नागरिकलाई तत्कालै खाद्य सहयोग उपलब्ध गराउनुपर्ने अवस्था रहेको यसअघि नै बताउनुभएको थियो । सोमालियाको सरकारले संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरुसँग परामर्श गरी यहाँ खडेरीका कारण खाद्य सङ्कट पर्न गएको घोषणा गरेको थियो । सोही कारण संयुक्त राष्ट्रसंघीय मानवीय सहायतासम्बन्धी उक्त निकायले सहयोगका लागि विदेशी दातृसंस्था या देशहरुलाई आग्रह पनि गरेको बताइएको छ । एजेन्सी

# गर्भपतन गर्ने अभियुक्तलाई कैद

**राजविराज**/जिल्ला अदालत सप्तरीले एक महिलाको गर्भपतन गर्ने अभियुक्तलाई कैद सजाय फैसला गरेको छ। सो घटनाका अन्य तीन जना आरोपितले भने सफाइ पाएका छन्।

महादेवा गाउँपालिका ४ डाढा बलिया टोलकी २४ वर्षीया महिलालाई कुटपिट गरी गर्भपतन गरेको आरोपमा सोही ठाउँका ५८ वर्षीय डोमा भनिने लक्ष्मण राउत बरैलाई डेढ वर्ष कैद सजाय भएको अदालतले जनाएको छ।

बरैसहित उनका छोरा २७ वर्षीय श्याम राउत बरै, सोही ठाउँका ६५ वर्षीय रामजी साह र उनका छोरा ४० वर्षीय सुरेन्द्र साहले २०७७ फागुन ६ गते दिउँसो कुटपिट गरी गर्भपतन गराएको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कन्चनरूपमा उजुरी दिएका थिए।

आफ्नो खेतमा बालीनाली हेर्न गएका बेला आरोपितहरूले गहुँबारीमा घाँस काट्ने बहानामा आफ्नो खेतको गँहु काटिरहेको देखिएपछि रोक्न खोज्दा लातमुक्काले कुटपिट गरी घाइते बनाएको पीडितको आरोप छ।

जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलाशले आरोपित लक्ष्मण, श्याम र रामजी जनही रु ३० हजारमा धरौटी राखी पूर्पक्षका लागि रिहा भएका थिए। जिल्ला अदालतमा २०७७ चैत १० गते हाजिर भएका सुरेन्द्रसमेत सोही दिन रु ३० हजारमा धरौटी राखी पूर्पक्षका लागि रिहा भएका थिए।

# आइतबार सार्वजनिक बिदा

**काठमाडौँ**/सरकारले आइतबार रामनवमीका दिन सार्वजनिक बिदा दिएको छ।

यही २४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयानुसार देशभरका सार्वजनिक निकायमा बिदा दिइएको गृह मन्त्रालयले शनिबार एक सूचना जारी गरी जनाएको छ।

# चिकित्सकको लापरवाहीले नवजात शिशुको ज्यान गयो

**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सकको लापरवाहीले एक नवजात शिशुको ज्यान गएको छ। बुधबार उपचारका क्रममा नवजात शिशुको ज्यान गएपछि उनका आफन्तजनले होहल्ला गरेका थिए।

बुधवार उपचारका लागि भर्ना भएकी सप्तरीको बोदेबरसाइन नगरपालिका ७ की २९ वर्षिया पुनिता यादवकी नवजात शिशु (छोरा) को ज्यान गएको हो।

आफन्तजनले अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा.दिलीपकुमार साहको लापरवाहीका कारण शिशुको मृत्यु भएको दाबी गर्दै उनीमाथी कारवाहीको माग गरेका छन्।

आफन्तजनले उक्त घटनाको छानबिन र दोषि चिकित्सकमाथी कारवाहीको माग गर्दै प्रदर्शनमा उत्रिएपछि सुरक्षाकाकर्मी परिचालन गरिएको थियो।

गर्भवती अवस्थामा विगत पाँच महिनादेखि जिल्लाको बोदेबरसाइन नगरपालिका ७ हैठीकी २९ वर्षीया यादव मेसु डा.साहकै प्राइभेट क्लिनिक 'प्रसुति तथा स्त्री रोग क्लिनिक एण्ड डाइगनोष्ट्रिक डी. सेन्टर राजविराज' मा जाँच गराउँदै आएकी थिइन्। बुधवार व्यथा लागेपछि पुनितालाई प्रसूति गराउन उनकै सल्लाहमा विहान अस्पताल ल्याएर भर्ना गरिएको थियो।

यता मेसु डा. साहले बच्चा जन्मिदा सबै ठिकै रहेता पनि 'मिकोनियम' भएर शिशुको मृत्यु भएको प्रतिक्रिया दिएका छन्। अस्पतालको तर्फबाट कुनै प्रकारको लापरवाही नभएको भन्दै डा. साहले डिलेभरी भएसँगै 'मिकोनियम' अर्थात बच्चाको दिसा मुख हुँदै स्वास नलीमा मिसिएर बच्चाको मृत्यु भएको बताए।

# जसपाद्वारा कारवाही गर्ने चेतावनी

**राजविराज**/जनता समाजवादी पार्टी सप्तरीले सामाजिक संजालमार्फत आफु उम्मेदवार भएको भन्दै प्रचार गर्न थालेपछि त्यस्ता नेता कार्यकर्तालाई कारवाही गर्ने चेतावनी दिएको छ।

जनता समाजवादी पार्टी जिल्ला समन्वय समिती सप्तरीका अध्यक्ष केदार यादवले बुधवार एक प्रेस विज्ञप्ती जारी गर्दै पार्टीको निर्णय विपरीत त्यस्तो क्रियाकलाप गर्नेहरुमाथी अनुशासनको कारवाही चलाईने चेतावनी दिएका हुन।

आगामी स्थानीय तह निर्वाचनका लागी उम्मेदवार चयन प्रक्रिया मै रहेका बेला केही आकाँक्षीहरुले सामाजिक संजालमा प्रचार गर्न थालेकोले सो क्रियाकलाप बन्द गर्न जसपा सप्तरीले सचेत समेत गराएको छ।

विज्ञप्तीमा स्थानीय तह निर्वाचन निर्देशीका २०७९ अनुसार उम्मेदवार चयन प्रक्रिया जारी रहेकै बेला जिल्लामा केही व्यक्तीले पार्टीको विधी, प्रक्रिया र निर्वाचन सम्बन्धी कार्यवीधीलाई नै चुनौती दिने गरी आफु उम्मेदवार भएको भनी समाजिक संजाल मार्फत जनतामा भ्रम फैलाउने गरेको कार्य प्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ।

उम्मेदवार चयन प्रक्रियालाई प्रभावित पार्ने र पार्टी निर्देशन विपरीत आफुलाई स्वघोषित उम्मेदवार भएको भनी प्रचार र भ्रम फैलाउनेलाई अनुशासनको कारवाही गरिने समेत विज्ञप्ती मार्फत चेतावनी दिइएको छ।

# अनुदानको च्यापकटर मेशिन बितरण

**राजबिराज**/सप्तरीको रुपनी गाउँपालिकाले ५५ जना किसानहरुलाई मोटरसहितको च्यापकटर मेशिन बितरण गरेको छ।

गाउँपालिकाको ५० प्रतिशत अनुदानमा बिहीबार गाउँपालिकाकै कार्यालयमा अध्यक्ष हरेराम यादव, उपाध्यक्ष बेचनीकुमारी सरदार, प्रमुख प्रशासकीय अधिकृत अरबिन्द कुमार चौधरीले ती मेशिन किसानहरुलाई बितरण गरेका हुन्।

गाउँपालिकाको पशुपंक्षी विकास शाखाको बार्षिक कार्यक्रम अन्तर्गत कृषकहरुलाई ५० प्रतिशत अनुदानमा पहिलो चरणमा ५५ जना बितरण गरिएको पशुपंक्षी विकास शाखाका प्रमुख धनजित कुमार खडगाले जानकारी दिएका छन्।

सो च्यापकटर मेशिनका लागि १ सय ४१ जना किसानको आवेदन परेकोमा पहिलो चरणमा ५५ जना व्यवसायिक किसानलाई च्याप कटर उपलब्ध गराएको उनले बताउँदै बाँकीलाई एक साताभित्रै उपलब्ध गराउने उनको भनाई छ।

उनले किसानले पाएका मेसिनको सहयोगले व्यवसायिक रुपमा पशुपालन गरिरहेकाहरुलाई थप सघाउ पुग्ने विश्वास व्यक्त गरे।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**



# टाईफाइड रोग विरुद्ध खोप अभियान २०७८/०७९

सप्तरी जिल्लामा यहि मिति २०७८ साल चैत महिना २६ गतेदेखि सबै वडा र स्थानिय तहमा टाईफाइड रोग विरुद्धको खोप अभियान संचालन हुदैछ। यस अभियानमा १५ महिनादेखि १५ वर्ष मुनि उमेर सम्मका सबै बालबालिकाहरुलाई टाईफाइड रोग विरुद्धको खोप लगाईदैछ। यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ। यो अभियान तोकिएको मितिमा आफ्नो स्थानिय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा बालबालिकालाई खोप लगाऔं।

**अभियान संचालन हुने गाउँपालिका र नगरपालिकाको नाम र मिति :**

**पहिलो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | डाकनेश्वरी नगरपालिका | २०७८/११/२६ गतेदेखि २०७८/११/३० गते सम्म |
| २ | राजगढ गाउँपालिका | |
| ३ | छिन्नमस्ता गाउँपालिका | |
| ४ | बोदेबरसाइन नगरपालिका | |
| ५ | सुरुङ्गा नगरपालिका | |
| ६ | विष्णुपुर गाउँपालिका | |
| ७ | खडक नगरपालिका | |
| ८ | बलान बिहुल गाउँपालिका | |
| ९ | शम्भुनाथ नगरपालिका | |

**दोश्रो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | कन्चनरुप नगरपालिका | २०७९/०१/०४ गतेदेखि २०७९/०१/०८ गते सम्म |
| २ | राजबिरान नगरपालिका | |
| ३ | हनुमाननगर ककांलिनी नगरपालिका | |
| ४ | सप्तकोशी नगरपालिका | |
| ५ | अग्निसाइर कृष्णसवरण गउँपालिका | |
| ६ | तिरहुत गाउँपालिका | |
| ७ | तिलाठी कोइलाडी गाउँपालिका | |
| ८ | महादेवा गाउँपालिका | |
| ९ | रुपनी गाउँपालिका | |

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*